

# वार्षिक प्रतिवेदन


## आर्थिक वर्ष २०७४/७५



**यूनिभर्सल पावर कम्पनी लिमिटेड**

**UNIVERSAL POWER COMPANY LIMITED**





# विषय सूची


६ अध्यक्षको प्रतिवेदन

१० लेखापरीक्षकको प्रतिवेदन

१७ अनुसूचीहरू

३४ प्रमुख लेखा नीति तथा टिप्पणीहरू

# सञ्चालक समिति





श्री अनिल कुमार रुङ्गटा
अध्यक्ष



श्री विनय कुमार भण्डारी
प्रबन्ध सञ्चालक



श्री रमेश प्रसाद नेपाल
सञ्चालक



श्री उत्तम भ्लोन लामा
सञ्चालक



श्री पुष्पेन्द्र भट्टराई
सञ्चालक

# अध्यक्षको प्रतिवेदन



**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको आ.व. २०७४/७५ को वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति एवम् म आफ्नो तर्फबाट हार्दिक स्वागत गर्दछु।

यस तल्लो खारे खोला जलविद्युत आयोजनाको ११ मे.वा. मध्ये २.७४ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता take and pay बाट take or pay मा संशोधन भइसकेको जानकारी गराउन चाहन्छु। जस अनुरुप सम्पूर्ण ११ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता take or pay मा भएको छ। यस आयोजनाको लागि बैंक अफ काठमाण्डौ लि. को अगुवाईमा अन्य ६ वटा बैंकहरुसँग ऋण लगानी सम्झौता भइसकेको यहाँहरुलाई जानकारी नै छ। त्यसै अनुरुप ऋण लगानी गर्ने बैंकहरुले आयोजनाको लागि ऋण प्रवाह गरी रहेको जानकारी गराउँदछु।

गौरीशंकर संरक्षण क्षेत्र र सामुदायिक वन भित्र पर्ने यस आयोजनाको लागि आवश्यक ४.३ हेक्टर जग्गा भोगचलन र रुख कटानको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सँग कार्तिक २५, २०७३ मा भएको सम्झौता अनुसार २३८ वटा रुख र बिरुवाहरु कटान गरिसकिएको छ। साथै उक्त ४.३ हेक्टर जग्गा भोगाधिकार गरे बापत ८२ रोपनी जग्गा खरिद गरी नेपाल सरकारलाई हस्तान्तरण गरिसकिएको छ।

आयोजनाको Power house देखि सिंगटी Sub-Station सम्म बनाइने १३२ के.भी. प्रसारण लाईनको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन (EIA) नेपाल सरकार अन्तर्गतको उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट मिति जेष्ठ ०४, २०७५ गते स्वीकृत भईसकेको छ। त्यसै अनुरुप सार्वजनिक जग्गा भोगाधिकार र रुख कटानाको लागि आवश्यक प्रकृया अगाडि बढाई सकिएको छ। साथै दोलखाको सिंगटी Sub-Station को १३२ के.भी. बस बारमा जोड्न बे (Bay) निर्माणको लागि नेपाल विद्युत प्राधिकरणले आफ्नो जग्गा उक्त बे (Bay) निर्माण गर्न उपलब्ध गराउने सहमति भएको र निर्माण कार्य समेत शुरु भइसकेको छ।

हेडवर्क्स निर्माण गर्ने जिम्मा लिएको एटलास हाइड्रो कन्सोर्टियम (ज्वाइन्ट भेन्चर) ले डिस्याण्डर बेसिन, फोरवे, ग्राबेल ट्र्याप, कनेक्टीङ क्यानलको निर्माण कार्य सम्पन्न गरिसकेको छ भने बाँधको निर्माण सम्पन्न भइसकेको छ। त्यस्तै हेडवर्कस तर्फको हाइड्रो मेकानिकल निर्माण कम्पनी क्रिम हाइडेल प्रा.लि. ले गेट तथा स्टप लगको फ्रेम र Leaf हरु साईटमा ढुवानी गरी जडान

गर्ने कार्य गरिरहेको छ भने उक्त गेट तथा स्टप लगको लागि आवश्यक Hoisting को जडान गर्ने कार्य पनि भइरहेको छ। यही बैशाख २०७६ को दोस्रो साता देखि Headworks को Civil संरचना र Hydro-mechanical संरचनाहरुको परिक्षण (Wet Test) शुरु गरिएको छ।

पेनस्टक पाईप तर्फको हाइड्रो मेकानिकल निर्माण कम्पनी नर्थ हाईड्रो एण्ड ईन्जिनियरिङ्ग प्रा.लि.ले पेनस्टक पाइपको Fabrication सम्पन्न गरिसकेको छ। नर्थ हाईड्रो एण्ड ईन्जिनियरिङ्ग प्रा.लि. ले सम्पूर्ण पाईप जडान गर्ने कार्य सम्पन्न गरिसकेको छ । यसरी जडान गरिएको पाइपहरुको NDT Test गरी र त्यस पश्चात् खिया नलाग्ने रंग लगाइने छ । पेनस्टक पाइप बिछ्याउनको लागि बाटो फराकिलो गरेको ठाउँमा ३३०० मिटर पाइप राख्न आवश्यक सिभिल संरचनाहरु निर्माण गरिसकिएको छ र erection भैसकेको पाईपमा सम्पूर्ण Anchor Block को ढलान गर्ने कार्य सम्पन्न गरेको छ र पाईपलाई पूर्ने कार्य अन्तिम चरणमा पुगेको छ। यही जेष्ठ २०७६ को अन्त्य सम्ममा पेनस्टक पाईपमा पानी हालेर water way को सिभिल र Hydro-mechanical संरचनाहरुको wet test गर्ने लक्ष्य रहेको छ। Electro-mechanical उपकरण निर्माण कम्पनी फ्लोभेल ईनर्जी प्रा.लि.ले सम्पूर्ण Electro-mechanical उपकरणहरु साईटमा ढुवानी गरिसकेको छ। Power house भित्र EOT Crane स्थापना भइसकेको छ र अन्य उपकरणहरु जडान गर्ने कार्य भइरहेको छ र जेष्ठ २०७६ भित्र सबै उपकरणहरु जडान गरिसक्ने लक्ष्य राखिएको छ। त्यसैगरी १३२ के.भी. प्रसारण लाईन निर्माण गर्ने जिम्मा लिएको मुडभरी एण्ड जोशी कन्स्ट्रक्सन प्रा.लि. ले प्रसारण लाईनको check survey र प्रसारण लाईन टावरको soil test सम्पन्न गरिसकेको छ । साथै टावरको लागि आवश्यक सामानहरु ल्याउन Letter of Credit खोलि सकिएको छ। ७ वटा Tower हरुको Foundation निर्माण भइरहेको छ । आषाढ २०७६ को दोस्रो साता भित्र सबै Tower हरु निर्माण गरि लाइन तानिने छ । नेपाल विद्युत प्राधिकरणले आषाढ २०७६ सम्म लामोसाँघु सिंगटी १३२ के.भी. प्रसारण लाइन निमार्ण गरिसक्ने प्रतिवद्धता व्यक्त गरेको छ । समग्रमा जेष्ठ १५, २०७६ सम्म आयोजनाको ९५% कार्य सम्पन्न भइसकेको छ।

स्थानीय जनताको आर्थिक स्थितिलाई ध्यानमा राखेर आयोजनाले ग्रामिण सडक निर्माण, कृषिमा सहयोग, विद्यालय व्यवस्थापन, खानेपानी व्यवस्थापन, भुकम्प पिडितहरुलाई सहयोग लगायतका कार्यहरु गर्दै आएको छ।

यस कम्पनीको आ.व.२०७४/७५ को वार्षिक साधारण सभाको अवसरमा कम्पनीको आ.व. २०७४/७५ को लेखा परिक्षण गरिएको वासलात तथा अन्य आर्थिक विवरणहरु यहाँहरुको अनुमोदनका लागि यो साधारण सभामा प्रस्तुत गरिएको छ। उक्त आर्थिक विवरणहरु छलफल गरी अनुमोदन गर्न साधारण शेयरधनीहरुलाई अनुरोध गर्दछु। यस साधारण सभामा प्रस्तुत अन्य प्रस्तावहरु पनि अनुमोदन गरिदिनुहुन शेयरधनीहरुलाई अनुरोध गर्दछु।

श्रावण २०७६ मा तल्लो खारे खोला जलविद्युत आयोजनाबाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। सो अनुरुप कार्य सम्पन्न गरी कम्पनीले आ.व. २०७६/७७ देखि नै मुनाफा आर्जन गरी लाभांस वितरण गर्ने योजना रहेको शेयरधनीहरुलाई जानकारी गराउन चाहन्छु । यसरी कार्य सम्पन्न भएमा पहिलो वर्षको नाफाबाट ८% सम्म लाभांस दिन सकिने प्रक्षेपण गरिएको छ।
कम्पनी सँग रहेको जगेडा रकम बैंकको साँवा भुक्तानी गर्दा १०% मात्र लाभ पाइन्छ भने आकर्षक जलविद्युत आयोजनामा लगानी गरेको खण्डमा २०% भन्दा अधिक प्रतिफल पाइने हुदाँ कसुवा खोला जलविद्युत आयोजना (४५ मे.वा., ५०० मिटर हेड) लगायतका आकर्षक जलविद्युत आयोजनाहरु निर्माण गर्न छलफल भईरहेको जानकारी गराउन चाहन्छु।

यस कम्पनीले मंसिर १२, २०७४ मा सोलुखुम्बु जिल्लाको सोताङ्ग गाउँपालिका स्थित २४.२२ मे.वा. क्षमताको माथिल्लो इङ्खुखोला जलविद्युत आयोजना (Mathillo Inkhu Hydropower Project) को विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्त गरिसकेको छ। साथै यस माथिल्लो इङ्खुखोला जलविद्युत आयोजनाको Detail Feasibility Study को लागि TAC Hydro and Engineers Pvt.Ltd. सँग मिति फाल्गुन १५, २०७४ मा सम्झौता गरिएको छ। हाल यस आयोजनाको Topography Survey को काम भइरहेको छ । साथै यस कम्पनीले राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको ५ मे.वा. क्षमताको रुकुम गाड जलविद्युत आयोजनाको निर्माण गरिरहेको छ । जस्को हालसम्म करिब ३५% काम सम्पन्न भइसकेको छ भने आगामी १५ देखि १८ महिना भित्रमा यो आयोजनाबाट विद्युत उत्पादन गरी रुकुम जिल्ला कै पहिलो व्यवसाहिक जलविद्युत आयोजना बन्ने लक्ष्य लिएको छ।

अन्तमा कम्पनीको शेयरधनी महानुभावहरु साधारण सभामा सक्रिय सहभागी भई यहाँहरुले दिनु हुने अमुल्य सुझावहरुलाई ग्रहण गर्दै अगाडि बढ्ने प्रतिवद्धताका साथ यहाँहरुको उपस्थिति एवम् सहभागिता प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै यस यूनिभर्सल पावर कम्पनी लिमिटेडलाई सहयोग गर्नु भएका सरकारी कार्यालयहरु, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, दोलखा जिल्लाका संघ संस्थाहरु तथा यूनिभर्सल पावर कम्पनी लिमिटेडका कर्मचारीहरुलाई धन्यवाद दिँदै भविष्यमा पनि सहयोग प्राप्त हुने आशा राखेको छु । आयोजना स्थलका स्थानिय बासिन्दाहरु, दोलखा जिल्लाका जन प्रतिनिधिहरु र गौरीशंकर गाउँपालिकाका जन प्रतिनिधिहरुबाट यस आयोजनाको सिघ्र निर्माणमा देखाइएको उत्साह, सहयोग र समर्थनको लागि उहाँहरुलाई धन्यवाद दिन चाहन्छु । यूनिभर्सल पावर कम्पनी लिमिटेडको व्यवस्थापनमा सहयोग पुऱ्याउने सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लि. र यसका कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

धन्यवाद।
**अनिल कुमार रुङ्गटा**
**अध्यक्ष**



# वित्तीय विवरणहरु

# FINANCIAL STATEMENTS

COP No. 163
PAN No. 304563209

# P.Mahaseth & Company

Chartered Accountants
Nayabaneshwor, Kathmandu, Nepal
01-4602423

Membership No. 75
The Institute of Chartered Accountants of Nepal
Date:- 2075/08/08

## यूनिभर्सल पावर कम्पनी लिमिटेडका शेयरधनी महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यूनिभर्सल पावर कम्पनी लिमिटेडको यसै साथ संलग्न आषाढ ३२, २०७५ सालको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिर्वतन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखाटिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

**२. वित्तीय विवरणमाथि व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरण मा हुनसक्ने सारभुत त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपयुक्त लेखा नीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन।

**३. लेखापरीक्षकको जिम्मेवारी**

व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो। हामीले नेपाल लेखापरीक्षणमान तथा लेखापरीक्षणको सर्वमान्य सिद्धान्त र प्रासङ्गिक प्रचलनको आधारमा लेखापरीक्षण सम्पन्न गरेको छौं। वित्तीय विवरण सारभूतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती नेपाल लेखापरीक्षणमान तथा प्रासङ्गिक प्रचलन अनुसार लेखापरीक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रणामको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ। कम्पनीले अवलम्बन गरेको लेखासिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितीको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

अनुच्छेद ४ मा उल्लेखित कुराहरुको महत्वले गर्दा हामीले प्रस्तुत वित्तीय विवरण नेपाल वित्तीय विवरण प्रतिवेदन मान (NFRS) अनुरुप तयार भएको बारेमा राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्राप्त गर्न सकेनौं।

**४. राय प्रतिदावीको आधार (Basis for Disclaimer of Opinion)**

नेपाल चार्टर्ड एकाउनटेण्टस् संस्थाले आ.व. २०७४/७५ बाट धितोपत्रमा सूचिकृत कम्पनीका लागि लागु हुने गरी प्रभावकारी वित्तीय रिपोर्टिङ रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) मा परिर्वतन गरेको छ। यद्यपि संलग्न गरिएका वित्तीय विवरण, यूनिभर्सल पावर कम्पनी लिमिटेडले नेपाल लेखामान बमोजीम तयार गरेको छ। तर प्रस्तुत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार तयार नगर्नुको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

५. **राय प्रतिदावी (Disclaimer of Opinion)**

माथि "राय प्रतिदावीको आधार" अनुच्छेदमा उल्लेखित तथ्यका महत्वले गर्दा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार वित्तीय विवरण तयार नगर्दा हुने सञ्चिति प्रभावको निम्ती हामीले पर्याप्त र उपयुक्त लेखापरीक्षण सम्बन्धी प्रमाण प्राप्त गर्न नसकेकाले हामीले वित्तीय विवरणमा कुनै राय व्यक्त गर्दैनौं।

६. **कम्पनी ऐन २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन**

हाम्रो लेखापरीक्षणको आधारमा देहाय बमोजिम प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टिकरणको साथै माग गरेका विवरणहरु सन्तोषजनक रुपमा प्राप्त गर्‍यौं।

ख) नेपाल वित्तीय प्रतिवेदनमान बारे हाम्रो राय बाहेक यूनिभर्सल पावर कम्पनी लिमिटेडको हिसाब किताब तथा श्रेस्ता प्रचलित कानून बमोजिम ठीकसँग राखिएका छन्।

ग) संलग्न वितिय अवस्थाको विवरण, आय विवरण तथा नगद प्रवाह विवरण कम्पनीको लेखासँग ठीक दुरुस्त छन्।

घ) हामीले पाएसम्मको जानकारी, हामीलाई उपलब्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सूचना तथा हामीले गरेको हिसाब किताबको परीक्षणबाट यूनिभर्सल पावर कम्पनी लिमिटेडको संचालक समिति, कुनै संचालक वा कर्मचारीले, लेखासँग सम्बन्धित कानूनी व्यवस्था विपरीत कामकाज गरेको वा कम्पनीको वेहिसाब गरेको वा कम्पनीको हानी नोक्सानी गरेको वा, कम्पनीको हित विपरीत हुने गरी काम गरेको, हाम्रो जानकारीमा आएन।

**सि.ए. पी.महासेठ**
**लेखापरीक्षक**
**पी. महासेठ एण्ड कम्पनी**
**चार्टर्ड एकाउन्टेन्टस्**
मिति : मंसिर ०८, २०७५
स्थान : काठमाडौं





Power House of Tallo Khare Khola Hydropower Project

# वित्तीय अवस्थाको विवरण

## २०७५ असाढ मसान्तको

रकम रु. मा

| विवरण | अनुसूची नं. | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| कार्यालय उपकरण | १ | ११४,७४७.१८ | – |
| पूँजीगत कार्य प्रगति | २ | १,०२४,९६६,३२०.३६ | ५२६,४०७,५५१.२८ |
| सेयर लगानी | ३ | १४४,२१८,७००.०० | ५१६,६००.०० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | | **१,१६९,२९९,७६७.५४** | **५२६,९२४,१५१.२८** |
| **चालु सम्पत्ति** | | | |
| मुद्दती निक्षेपमा लगानी | ४ | १९७,४००,०००.०० | ३४०,०००,०००.०० |
| नगद र बैङ्क मौज्दात | ५ | १०,५४४,४९७.८७ | ५८,५४७,८६३.२० |
| अग्रिम भुक्तानी, पेस्की, सापटी तथा धरौटी | ६ | २२२,८०८,५८४.९२ | २२२,१०२,७४७.७० |
| **जम्मा चालु सम्पत्ति** | | **४३०,७५३,०८२.७९** | **६२०,६५०,६१०.९०** |
| **जम्मा सम्पत्ति** | | **१,६००,०५२,८५०.३३** | **१,१४७,५७४,७६२.१८** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| सेयर पूँजी | ७ | १,१३४,१८९,०००.०० | १,०५०,५१९,८००.०० |
| जगेडा कोष र सञ्चित नाफा | ८ | १२,६०५,८९०.८८ | – |
| **जम्मा पूँजी** | | **१,१४६,७९४,८९०.८८** | **१,०५०,५१९,८००.००** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैङ्क ऋण | ९ | ३६९,९२०,३८५.४९ | – |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | १० | ५०,७०४,७८२.६९ | ९७,०५४,९६२.१८ |
| अल्पकालीन बैङ्क ऋण | ११ | २८,१५०,०००.०० | – |
| अन्य व्यवस्थाहरू | १२ | ४,४८२,७९१.२७ | – |
| **जम्मा चालु दायित्व र व्यवस्था** | | **८३,३३७,५७३.९६** | **९७,०५४,९६२.१८** |
| **जम्मा पूँजी तथा दायित्व** | | **१,६००,०५२,८५०.३३** | **१,१४७,५७४,७६२.१८** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरू १५
१ देखि १५ सम्मका अनुसूचीहरु वित्तीय विवरणका अभिन्न अङ्ग हुन ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनअनुसार

**अनिल कुमार रूङ्गटा**
अध्यक्ष

**विनय कुमार भण्डारी**
प्रबन्ध सञ्चालक

**रमेश प्रसाद नेपाल**
सञ्चालक

**उत्तम ब्लोन लामा**
सञ्चालक

**पुष्पेन्द्र भट्टराई**
सञ्चालक

**देब बहादुर श्रेष्ठ**
लेखा अधिकृत

**पी. महासेठ**
पी. महासेठ एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

मिति : मंसिर ०७, २०७५
स्थान : काठमाडौं

# आय विवरण

## मिति २०७४ श्रावण १ गतेदेखि २०७५ असाढ मसान्तसम्म

रकम रु. मा

| विवरण | अनुसूची नं | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| विद्युत बिक्रीबाट आम्दानी | | – | – |
| बिक्री लागत | | – | – |
| **सञ्चालन नाफा/(नोक्सान)** | | – | – |
| अन्य आम्दानी | १३ | २६,५६८,५८८.३२ | – |
| प्रशासनिक खर्च | १४ | (९,७३२,४३९.६१) | – |
| **कुल सञ्चालन नाफा/(नोक्सान)** | | **१६,८३६,१४८.७१** | – |
| ह्रास खर्च | १ | (२८,२९४.२०) | – |
| **आयकर कट्टी अघिको नाफा/(नोक्सान)** | | **१६,८०७,८५४.५१** | – |
| आयकरको व्यवस्था | | (४,२०१,९६३.६३) | – |
| **आयकर कट्टी पछिको खुद नाफा/(नोक्सान) (वित्तीय अवस्थाको विवरणमा सारेको)** | | **१२,६०५,८९०.८८** | – |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनअनुसार

**अनिल कुमार रुङ्गटा**
अध्यक्ष

**विनय कुमार भण्डारी**
प्रबन्ध सञ्चालक

**रमेश प्रसाद नेपाल**
सञ्चालक

**उत्तम भ्लोन लामा**
सञ्चालक

**पुष्पेन्द्र भट्टराई**
सञ्चालक

**देब बहादुर श्रेष्ठ**
लेखा अधिकृत

**पी. महासेठ**
पी. महासेठ एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

मिति : मंसिर ०७, २०७५
स्थान : काठमाडौं

# नगद प्रवाह विवरण

## मिति २०७४ श्रावण १ गतेदेखि २०७५ असाढ मसान्तसम्म

रकम रु. मा

| विवरण | यस वर्षसम्को (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|
| **कारोबार सञ्चालन बाट नगद प्रवाह** | | |
| आयकर कट्टी अघिको नाफा/(नोक्सान) | १६,८०७,८५४.५१ | - |
| ह्रास खर्च | २८,२९४.२० | - |
| **कार्यगत पूँजी सम्बन्धी गतिविधि अघिको नगद प्रवाह** | **१६,८३६,१४८.७१** | - |
| सञ्चालनसम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि) (नगद बाहेक) | १४१,८९४,१६२.७८ | (२१७,३२४,४०७.४४) |
| पूँजीगत कार्यप्रगतिमा कमी/ (वृद्धि) | (४९८,५५८,७६९.०८) | (३९६,७३२,४०८.११) |
| सञ्चालनसम्बन्धी चालु दायित्व र व्यवस्थामा (कमी)/वृद्धि | (४६,०६९,३५१.८५) | ६५,४६७,९७०.०१ |
| **कारोवार सञ्चालन बाट नगद प्रवाह** | **(४०२,७३३,९५८.१५)** | **(५४८,५८८,८४५.५४)** |
| **सञ्चालन गतिबिधिबाट खुद नगद प्रवाह (क)** | **(३८५,८९७,८०९.४४)** | **(५४८,५८८,८४५.५४)** |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | (१४३,०४१.३८) | ६०,१२९,७७०.१७ |
| लगानीमा कमी/(वृद्धि) | (१४३,७०२,१००.००) | (३३९,७९२,५००.००) |
| **लगानी सम्बन्धी कारोवारबाट नगद प्रवाह (ख)** | **(१४३,८४५,१४१.३८)** | **(२७९,६६२,७२९.८३)** |
| **वित्तीय स्रोतसम्बन्धी कारोवारबाट नगद प्रवाह** | | |
| सेयर पूँजीमा वृद्धि/(कमी) | ८३,६६९,२००.०० | ३४,७०५,०००.०० |
| दीर्घकालीन ऋणमा वृद्धि/(कमी) | ३६९,९२०,३८५.४९ | (४१,९२६,९१७.७२) |
| अल्पकालीन ऋणमा वृद्धि/(कमी) | २८,१५०,०००.०० | - |
| **वित्तीय स्रोतसम्बन्धी कारोवारबाट नगद प्रवाह (ग)** | **४८१,७३९,५८५.४९** | **(७,२२१,९१७.७२)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(४८,००३,३६५.३३)** | **(८३५,४७३,४९३.०९)** |
| नगद तथा बैङ्कमा रहेको सुरु मौज्दात | ५८,५४७,८६३.२० | ८९४,०२१,३५६.२९ |
| **नगद तथा बैङ्कमा रहेको अन्तिम मौज्दात** | **१०,५४४,४९७.८७** | **५८,५४७,८६३.२०** |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनअनुसार

**अनिल कुमार रूङ्गटा**
अध्यक्ष

**विनय कुमार भण्डारी**
प्रबन्ध सञ्चालक

**रमेश प्रसाद नेपाल**
सञ्चालक

**उत्तम भ्लोन लामा**
सञ्चालक

**पुष्पेन्द्र भट्टराई**
सञ्चालक

**देब बहादुर श्रेष्ठ**
लेखा अधिकृत

**पी. महासेठ**
पी. महासेठ एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

मिति : मंसिर ०७, २०७५
स्थान : काठमाडौं

# मिति २०७४ श्रावण १ गतेदेखि २०७५ अषाढ मसान्तसम्म

## अनुसूचीहरु आर्थिक  वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### अनुसूची १: कार्यालय उपकरण

रकम रु. मा

| क. स. | विवरण | ह्रास कट्टी दर | गत वर्ष सम्मको | यस वर्षको थप | | | कुल | ह्रासकट्टी | | मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पौष मसान्त सम्मको | माघ देखी चैत्र सम्मको | वैशाख देखी आषाढ सम्मको | | यस वर्षसम्मको | गत वर्ष सम्मको | यस वर्षसम्मको | गत वर्ष सम्मको |
| १ | कम्प्युटर | २५% | - | ६१,०००.०० | ४५,९००.०० | - | १०६,९००.०० | २२,९००.०० | - | ८४,०००.०० | - |
| २ | फर्निचर तथा फिक्चर्स | २५% | - | - | - | ९,६००.०० | ९,६००.०० | ८००.०० | - | ८,८००.०० | - |
| ३ | अफिस उपकरण | २५% | - | १२,८८२.०० | २,८२५.०० | १०,८३४.३८ | २६,५४१.३८ | ४,५९४.२० | - | २१,९४७.१८ | - |
| | | **जम्मा** | - | **७३,८८२.००** | **४८,७२५.००** | **२०,४३४.३८** | **१४३,०४१.३८** | **२८,२९४.२०** | - | **११४,७४७.१८** | - |

अनुसूचीहरु आर्थिक वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

# पूँजीगत कार्य प्रगति

अनुसूची २: पूँजीगत कार्य प्रगतिको विवरण

२(क): पूँजीगत कार्य प्रगतिको विवरण (तल्लो खारे खोला जल विद्युत् आयोजना ११ मे.वा.)

रकम रु. मा

| क्र. स. | विवरण | कूल सम्पत्ति | | |
|---|---|---|---|---|
| | | गत वर्षसम्मको | यस वर्षको थप | कुल |
| १ | पूँजीगत कार्य प्रगति (Land Purchase & Development) | ५६,०७२,२४७.५७ | २,५०१,०५४.८९ | ५८,५७३,३०२.४६ |
| २ | पूँजीगत कार्य प्रगति (Quarter) | ३,५८२,१८३.८५ | - | ३,५८२,१८३.८५ |
| ३ | पूँजीगत कार्य प्रगति (Civil Construction) | २७,०५४,८८१.५६ | २५६,५८८,४७१.१७ | २८३,६४३,३५२.७३ |
| ४ | पूँजीगत कार्य प्रगति (Hydro Mechanical Equipment Including Gate) | १६०,८२९,९३२.८९ | ५०,४१४,६८२.५५ | २११,२४४,६१५.४४ |
| ५ | पूँजीगत कार्य प्रगति (Office Equipment/ Furniture & Fixtures) | ७,६५९,७०९.८५ | १३७,५५६.४७ | ७,७९७,२६६.३२ |
| ६ | पूँजीगत कार्य प्रगति (Environment Mitigation) | १०,२१२,९६३.३४ | ६७०,९२२.२१ | १०,८८३,८८५.५५ |
| ७ | पूँजीगत कार्य प्रगति (Infrastructure Development) | १९,१७५,२२८.९९ | - | १९,१७५,२२८.९९ |
| ८ | पूँजीगत कार्य प्रगति (Insurance Premium) | २,९२९,०५४.८७ | ५,२१०,६३५.३३ | ८,१३९,६९०.२० |
| ९ | पूँजीगत कार्य प्रगति (Interest During Construction) | - | २१,८९५,३८१.०२ | २१,८९५,३८१.०२ |
| १० | पूँजीगत कार्य प्रगति (Vehicle) | ६,२५७,५००.०० | ८०,९००.०० | ६,३३८,४००.०० |
| ११ | पूँजीगत कार्य प्रगति (Pre- Operating Expenses) | १८२,३६३,५२१.४३ | ८,०२२,११९.६० | १९०,३८५,६४१.०३ |
| १२ | पूँजीगत कार्य प्रगति (Transmission Line) | १३,३२०.०० | ८४७,५००.०० | ८६०,८२०.०० |
| १३ | पूँजीगत कार्य प्रगति (Project Engineering & Management) | ५०,२५७,००६.९३ | ६३,५७३,४९९.८९ | ११३,८३०,५०६.८२ |
| १४ | पूँजीगत कार्य प्रगति (Electro Mechanical Equipment) | - | ७०,०५९,८२७.२० | ७०,०५९,८२७.२० |
| | जम्मा | ५२६,४०७,५५१.२८ | ४८०,००२,५५०.३३ | १,००६,४१०,१०१.६१ |

२(ख): अन्य पूँजीगत कार्य प्रगतिको विवरण

रकम रु. मा

| क्र. स. | विवरण | कूल सम्पत्ति | | |
|---|---|---|---|---|
| | | गत वर्षसम्मको | यस वर्षको थप | कुल |
| १ | पूँजीगत कार्य प्रगति अन्य (Other Capital Work In Progress) | - | १८,५५६,२१८.७५ | १८,५५६,२१८.७५ |
| | जम्मा | - | १८,५५६,२१८.७५ | १८,५५६,२१८.७५ |
| | कूल पूँजीगत कार्य प्रगति | ५२६,४०७,५५१.२८ | ४९८,५५८,७६९.०८ | १,०२४,९६६,३२०.३६ |

अनुसूचीहरु आर्थिक  वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

# पूँजीगत कार्य प्रगतिको विवरण

२(क) १: पूँजीगत कार्य प्रगति (Land Purchase & Development)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | जग्गा खरिद तथा विकास | ५८,५७३,३०२.४६ | ५६,०७२,२४७.५७ |
| | जम्मा | **५८,५७३,३०२.४६** | **५६,०७२,२४७.५७** |

२(क) २: पूँजीगत कार्य प्रगति (Quarter)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | आवास गृह | ३,५८२,१८३.८५ | ३,५८२,१८३.८५ |
| | जम्मा | **३,५८२,१८३.८५** | **३,५८२,१८३.८५** |

२(क) ३: पूँजीगत कार्य प्रगति (Civil Construction)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | सभिल पाईपलाईन | १०६,८२५,४३२.४१ | ९,१८५,८३९.२९ |
| २ | हेड वर्क | १०२,४७८,५५१.८८ | - |
| ३ | पावर हाउस तथा स्वीचयार्ड | ७२,६७०,३२६.३० | १६,२००,०००.१३ |
| ४ | आयोजना विकास (स्थानीय-सिभिल) | १,६६९,०४२.१४ | १,६६९,०४२.१४ |
| | जम्मा | **२८३,६४३,३५२.७३** | **२७,०५४,८८१.५६** |

२(क) ४: पूँजीगत कार्य प्रगति (Hydro Mechanical Equipments Including Gate)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | एबिसी केवल | ३८७,०२५.०० | ३८७,०२५.०० |
| २ | सडक मर्मत | ६,४१८,४७९.०० | ६,४१८,४७९.०० |
| ३ | हाईड्रोमेकानीकल पाईपलाईन | ३३,६४१,२०६.८४ | - |
| ४ | हाईड्रोमेकानीकल गेट | १५,५५६,६३९.७१ | - |
| ५ | स्टिल पाता | १५५,२४१,२६४.८९ | १५४,०२४,४२८.८९ |
| | जम्मा | **२११,२४४,६१५.४४** | **१६०,८२९,९३२.८९** |

२(क) ५: पूँजीगत कार्य प्रगति (Office Equipment/ Furniture & Fixtures)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | सफ्टवेयर | १३७,८६२.५० | १३७,८६२.५० |
| २ | सर्वेक्षण उपकरण (Total Station) | १,५१५,०२५.०० | १,५१५,०२५.०० |
| ३ | हाजिरी उपकरण | ४२,३७५.०० | ४२,३७५.०० |
| ४ | सिसि टिभी क्यामेरा | ७,४२९.७५ | ७,४२९.७५ |
| ५ | कम्प्यूटर | १,५१६,८५३.२५ | १,५३६,६३८.२५ |
| ६ | फर्निचर तथा फिक्चर्स | ३,५४०,९१४.७१ | ३,४९६,२७४.७१ |
| ७ | इन्टरनेट उपकरण | ११५,२६०.०० | ११५,२६०.०० |
| ८ | अफिस उपकरण | ११२,७०१.४७ | - |
| ९ | इन्भर्टर, व्याट्री र सोलार प्यानल | ५३२,५५९.६४ | ५३२,५५९.६४ |
| १० | वाकी-टाकी | २७६,२८५.०० | २७६,२८५.०० |
| | जम्मा | ७,७९७,२६६.३२ | ७,६५९,७०९.८५ |

## अनुसूचीहरु आर्थिक वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### २(क) ६: पूँजीगत कार्य प्रगति (Environment Mitigation)

रकम रु. मा

| क. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | क्षतिपूर्ति | २,०५८,१७८.३४ | २,०४३,१२८.३४ |
| २ | समन्वय खर्च | ७,०७२,८२०.२१ | ६,४१६,९४८.०० |
| ३ | सडक मर्मत तथा सुधार | १,७५२,८८७.०० | १,७५२,८८७.०० |
| | **जम्मा** | **१०,८८३,८८५.५५** | **१०,२१२,९६३.३४** |

### २(क) ७: पूँजीगत कार्य प्रगति (Infrastructure Development)

रकम रु. मा

| क. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | सडक निर्माण | १९,१७५,२२८.९९ | १९,१७५,२२८.९९ |
| | **जम्मा** | **१९,१७५,२२८.९९** | **१९,१७५,२२८.९९** |

### २(क) ८: पूँजीगत कार्य प्रगति (Insurance Premium)

रकम रु. मा

| क. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | बिमा प्रिमियम | ८,१३९,६९०.२० | २,९२९,०५४.८७ |
| | **जम्मा** | **८,१३९,६९०.२०** | **२,९२९,०५४.८७** |

### २(क) ९: पूँजीगत कार्य प्रगति (Interest During Construction)

रकम रु. मा

| क. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | ब्याज खर्च | २१,८९५,३८१.०२ | - |
| | **जम्मा** | **२१,८९५,३८१.०२** | - |

## अनुसूचीहरु आर्थिक  वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### २(क) १०: पूँजीगत कार्य प्रगति (Vehicle)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | महिन्द्रा बोलेरो (बा १९ च ५७२८) | २,३५०,०००.०० | - |
| २ | महिन्द्रा स्कर्पिओ (बा १६ च ८८६७) | ३,६१५,०००.०० | ३,६१५,०००.०० |
| ३ | हिरो मोटरसाईकल (बा ७२ प ५७५१) | १६७,५००.०० | १६७,५००.०० |
| ४ | बजाज मोटरसाईकल (बा ९४ प ५७२१) | २०५,९००.०० | - |
| ५ | टाटा टेल्कोलाईंन (बा १२ च ५१२९) | - | २,४७५,०००.०० |
| | **जम्मा** | **६,३३८,४००.००** | **६,२५७,५००.००** |

### २(क) ११: पूँजीगत कार्य प्रगति (Pre- Operating Expenses)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | आयोजना निर्माण सुरू हुनु पूर्वको सञ्चालन खर्च | २३५,१४७,११५.४३ | २३५,१४७,११५.४३ |
| २ | बचतमा ब्याज प्राप्त | (४४,७६१,४७४.४०) | (५२,७८३,५९४.००) |
| | **जम्मा** | **१९०,३८५,६४१.०३** | **१८२,३६३,५२१.४३** |

### २(क) १२: पूँजीगत कार्य प्रगति (Transmission Line)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | १३२ के.भी. प्रसारण लाईन (पावरहाउस-सिंगटी) | ८६०,८२०.०० | १३,३२०.०० |
| | **जम्मा** | **८६०,८२०.००** | **१३,३२०.००** |

## अनुसूचीहरु आर्थिक वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### २(क) १३: पूँजीगत कार्य प्रगति (Project Engineering & Management)

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | प्रशासन व्यवस्थापन शुल्क | ६,१०७,५९७.९७ | ६,१०७,५९७.९७ |
| २ | विज्ञापन तथा प्रचार प्रसार | १८१,१९९.५७ | - |
| ३ | महँगी भत्ता | १,५३४,१८०.३५ | - |
| ४ | वार्षिक साधारण सभा खर्च | २७६,५८५.१५ | २७६,५८५.१५ |
| ५ | बैङ्क कमिसन | २,९६५,५२५.५९ | - |
| ६ | आवास गृहमा आवश्यक सामाग्री | १०,४००.०० | १०,४००.०० |
| ७ | सञ्चार भत्ता | १२८,८१९.११ | - |
| ८ | परामर्श शुल्क तथा खर्च | ११,५८५,४६३.३२ | - |
| ९ | कुरीयर खर्च | ३३३,१८४.५२ | - |
| १० | दशैं भत्ता | ११५,४७७.१४ | - |
| ११ | ईन्जिनियरिङ्ग डिजाइन खर्च | १०,५६९,४१८.७५ | ५,७०८,७४१.२५ |
| १२ | सम्भाव्यता अध्ययन | १,७५६,२५७.०० | १,७५६,२५७.०० |
| १३ | वित्तिय परामर्श शुल्क | ५६५,०००.०० | ५६५,०००.०० |
| १४ | इन्धन खर्च | ७४५,५२०.७० | - |
| १५ | उपदान | १६९,२४६.९८ | - |
| १६ | गेज रिडिङ खर्च | २२,०००.०० | २२,०००.०० |
| १७ | आवास गृहमा आवश्यक सामाग्री | ७६,४५२.०४ | |
| १८ | इन्टरनेट खर्च | ३२०,०८८.०० | - |
| १९ | लगानी प्रतिबद्धता शुल्क | १२,१४५,३०६.४० | - |
| २० | ल्याब परीक्षण खर्च | ३२,५२८.०० | ३२,५२८.०० |
| २१ | कानुनी सेवा शुल्क | ११६,२५६.०० | - |
| २२ | ऋण व्यवस्थापन शुल्क | ६,१८८,००१.१० | - |
| २३ | सवारी साधन बिक्रीमा नोक्सान | १,७१५,०००.०० | - |
| २४ | व्यवस्थापन खर्च | ३१,८६६,०००.०० | २६,४४२,०००.०० |
| २५ | अन्य बैठक भत्ता तथा खर्च | ५७,७८०.९३ | - |
| २६ | विविध खर्च | २५९,५४७.७० | - |
| २७ | बिदाबापतको भुक्तानी | २२४,६६२.११ | - |
| २८ | छपाई तथा डिजाईन | ३०९,५६४.४० | - |
| २९ | आयोजना भत्ता | ५०९,९७८.५५ | - |
| ३० | आयोजना विकास खर्च | १,२७५,२४९.२१ | - |
| ३१ | कर्मचारी सञ्चय कोष | २०६,५००.८२ | |
| ३२ | भाडा (निर्माण स्थल) | २२७,४९३.२७ | - |
| ३३ | मर्मत तथा संभार (Computer) | १५३,३५७.१९ | - |
| ३४ | मर्मत तथा संभार (Total Station) | १२,६००.०० | - |
| ३५ | मर्मत तथा संभार (Vehicle) | ८०१,८४०.९८ | - |
| ३६ | तलव | १२,३६४,८४३.०८ | ९,२७५,५९७.१६ |
| ३७ | विज्ञहरुको तलब तथा भत्ता | ५,३४१,५६२.४८ | - |
| ३८ | कर्मचारी Outsourcing शुल्क | १,०६७,४८९.९६ | - |
| ३९ | स्टेशनरी खर्च | ३४,०७७.०० | - |
| ४० | सर्वेक्षण खर्च | ६८,६०५.४० | २८,६६०.४० |
| ४१ | सर्वेक्षण उपकरण | ३१,६४०.०० | ३१,६४०.०० |
| ४२ | तालिम र विकासको खर्च | ९२,३०२.४४ | - |
| ४३ | साइट भ्रमण भत्ता | ९८८,६२५.०० | - |
| ४४ | सवारी साधन कर | ५९,१५०.०० | |
| ४५ | ज्याला खर्च | ५४,४२१.४० | - |
| ४६ | पानी र बिजुली खर्च | १६३,७०७.२० | - |
| | जम्मा | ११३,८३०,५०६.८२ | ५०,२५७,००६.९३ |

अनुसूचीहरु आर्थिक  वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

## २(क) १४: पूँजीगत कार्य प्रगति (Electro Mechanical Equipment)

रकम रु. मा

| क. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | डिजेल जेनेरेटर | ९४१,८८८.५८ | - |
| २ | अर्थीङ् म्याट | १,६३८,८८७.०१ | - |
| ३ | इलेक्ट्रो मेकानिकल मेसिन | ६७,४७९,०५१.६१ | - |
| | **जम्मा** | **७०,०५९,८२७.२०** | - |

## अनुसूची ३: सेयर लगानी

रकम रु. मा

| क. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | | |
| | (१४,४२,१८७ कित्ता सेयर, प्रति सेयर रु १००.०० का दरले) | १४४,२१८,७००.०० | - |
| २ | अन्य सेयर | - | ५१६,६००.०० |
| | **जम्मा** | **१४४,२१८,७००.००** | **५१६,६००.००** |

## अनुसूची ४: मुद्दती निक्षेपमा लगानी

रकम रु. मा

| क. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | कुमारी बैङ्क लिमिटेड (मुद्दती खाता) | - | १९०,०००,०००.०० |
| २ | मुक्तिनाथ विकाश बैङ्क लिमिटेड (मुद्दती खाता) | २२,४००,०००.०० | - |
| ३ | बैङ्क अफ काठमाडौं लिमिटेड (मुद्दती खाता) | १५०,०००,०००.०० | १५०,०००,०००.०० |
| ४ | देवः विकास बैङ्क लिमिटेड (मुद्दती खाता) | २५,०००,०००.०० | - |
| | **जम्मा** | **१९७,४००,०००.००** | **३४०,०००,०००.००** |

## अनुसूचीहरु आर्थिक वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### अनुसूची ५: नगद र बैङ्क मौज्दात

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | नगद मौज्दात | ५,१६९.२६ | ९,९५३.०० |
| २ | **बैङ्क मौज्दात :** | | |
| ३ | बैङ्क अफ काठमाडौँ लिमिटेड (call) | ३,३५७,७०९.९२ | ५,७३५,२१८.७९ |
| ४ | बैङ्क अफ काठमाडौं लिमिटेड (current) | ५,३८६,९४३.७३ | ६,४५०.०० |
| ५ | सिटीजन्स् बैङ्क इन्टरनेशनल लिमिटेड | २४४,११२.६३ | - |
| ६ | देव: विकास बैङ्क लिमिटेड | ६८८,०७४.०४ | - |
| ७ | गरिमा विकास बैङ्क लिमिटेड | ५,०००.०० | - |
| ८ | कैलाश विकास बैङ्क लिमिटेड | ६,३२६.५६ | २९,६०३,७४३.०० |
| ९ | कुमारी बैङ्क लिमिटेड | ६२,९४७.७० | १७,६९९,८६३.५९ |
| १० | बैङ्क अफ काठमाडौं लिमिटेड (नक्साल) (current) | १०,०००.०० | १०,०००.०० |
| ११ | माछापुच्छ्रे बैङ्क लिमिटेड | ९,८१०.१० | ८४९,१५६.७७ |
| १२ | महालक्ष्मी विकास बैङ्क लिमिटेड | ५,३४०.३४ | - |
| १३ | मेगा बैङ्क नेपाल लिमिटेड | २१,३०४.२५ | - |
| १४ | मुक्तिनाथ विकास बैङ्क लिमिटेड | ५४८,३८५.४५ | - |
| १५ | नविल बैङ्क लिमिटेड | १३,८९२.८८ | २,९९९,९०७.८२ |
| १६ | नेपाल बङ्गलादेश बैङ्क लिमिटेड | १०,४००.०० | १०,०००.०० |
| १७ | एनएमवि बैङ्क लिमिटेड | १५६,२८९.६५ | १,१५७,८९९.९६ |
| १८ | सानिमा बैङ्क लिमिटेड | १२,७९१.३६ | ४६५,६७०.२७ |
| | **जम्मा** | **१०,५४४,४९७.८७** | **५८,५४७,८६३.२०** |

## अनुसूचीहरु आर्थिक  वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### अनुसूची ६: अग्रिम भुक्तानी, पेस्की, सापटी तथा धरौटी

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | बैङ्क ग्यारेन्टी मार्जीन | २,२१६,२५०.०० | २,२०१,२५०.०० |
| २ | लघु जल विद्युत सदस्यता | २०,०००.०० | २०,०००.०० |
| ३ | क्यास मार्जीन एल.सी. | १२,५०७,३६३.५३ | - |
| ४ | भन्सार छुट क्यास मार्जीन | - | २,२७१,०००.०० |
| ५ | परामर्शदाता तथा आपूर्तीकर्तालाई अग्रिम भुक्तानी | - | ३,२०८,७१८.४१ |
| ६ | साना ठेकेदार | २०६,३३२.७० | १४,३७५,०६३.०८ |
| ७ | कर्मचारी तथा अन्य व्यक्तीहरु | ८७४,९३०.४८ | ९६४,३०७.८८ |
| ८ | ए.डि.एस. मार्केट प्रा. लि. | - | ३१,०००.०० |
| ९ | एटलस हाईड्रो कन्सोर्टियम (जे.भी.) | ६८,०८३,४३१.३६ | ८७,९५१,४४८.०२ |
| १० | क्रिम हाईडेल प्रा.लि. | ६,३८९,६८८.३४ | १४,८३२,३५०.०० |
| ११ | इन्भाईरोन्मेन्टल सर्भिसेज नेपाल प्रा.लि. | ३०६,९७३.८० | - |
| १२ | फ्लोवेल इनर्जी प्रा.लि. | ४१,२१०,४७२.६९ | - |
| १३ | गान्धी एण्ड एसोसिएट्स | - | १५,०००.०० |
| १४ | घटाल ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | ४९२,५७९.६६ | १,१३९,७११.१९ |
| १५ | गुरुम्फी लघु जल विद्युत सहकारी संस्था | ५०,०००.०० | - |
| १६ | इन्टिग्रेटेड हाईड्रो म्यानेजमेन्ट प्रा.लि. | - | १,६७२,६०९.०० |
| १७ | लाफा कन्स्ट्रक्सन प्रा.लि. | - | ७००,०००.०० |
| १८ | मसदिङ देवी । राप्ती हाईड्रो जे.भी. | १४,४३९,७२६.०९ | २०,०००,०००.०० |
| १९ | माउन्टेन इन्फ्रा कम्पनी प्रा. लि. | ९,७१३,०२२.९९ | - |
| २० | मुडभरी एण्ड जोशी कन्स्ट्रक्सन प्रा. लि. | ५,८६१,१००.०० | - |
| २१ | नेपाल प्रसाशनिक स्टाफ कलेज | - | ६,०००.०० |
| २२ | नर्थ हाईड्रो एण्ड ईन्जिनियरिङ्ग प्रा. लि. | ५०,०९२,५९४.६० | ५५,३४६,७८८.०० |
| २३ | रोमन कन्स्ट्रक्सन प्रा. लि. | ६०६,५८४.०२ | - |
| २४ | जलविद्युत आयोजनाको अनुमतिपत्र | - | ६,०००,०००.०० |
| २५ | ट्याक हाईड्रो इन्जिनियर्स प्रा. लि. | - | १६,०००.०० |
| २६ | अग्रीम कर भुक्तानी | ४,३६९,९४७.१४ | ८,०२२,११९.६० |
| २७ | अन्य धरौटी | ७०,०००.०० | ७०,०००.०० |
| २८ | जग्गा खरीद गर्न पेस्की | ५,२९५,०८७.५२ | ३,१८१,२१२.५२ |
| २९ | टेलीफोन धरौटी | २,५००.०० | २,५००.०० |
| ३० | राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि. | - | ७५,६७०.०० |
| | जम्मा | २२२,८०८,५८४.९२ | २२२,१०२,७४७.७० |

## अनुसूचीहरु आर्थिक वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### अनुसूची ७: सेयर पूँजी

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | **क. अधिकृत पूँजी** | | |
| २ | सेयर २,२०,००,००० कित्ता प्रति सेयर रु. १००.०० | २,२००,०००,०००.०० | १,२००,०००,०००.०० |
| ३ | **ख. जारी पूँजी** | | |
| ४ | सेयर २,१०,०३,५०० कित्ता प्रति सेयर रु. १००.०० | २,१००,३५०,०००.०० | १,२००,०००,०००.०० |
| ५ | **ग. चुक्ता पूँजी** | | |
| ६ | सेयर १,१३,४१,८९० कित्ता प्रति सेयर रु. १००.०० | १,१३४,१८९,०००.०० | १,०५०,५१९,८००.०० |
| | **जम्मा** | **१,१३४,१८९,०००.००** | **१,०५०,५१९,८००.००** |

### अनुसूची ८: जगेडा कोष र सञ्चित नाफा

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | गत वर्ष सम्मको सञ्चित नाफा तथा नोक्सान | - | - |
| २ | बोनस सेयर समायोजन | - | - |
| ३ | नगद लाभांश भुक्तानी समायोजन | - | - |
| ४ | यस वर्ष सम्मको नाफा तथा नोक्सान | १२,६०५,८९०.८८ | - |
| | **जम्मा** | १२,६०५,८९०.८८ | - |

### अनुसूची ९: दीर्घकालीन बैङ्क ऋण

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | बैङ्क अफ काठमाडौँ लिमिटेड | ८५,४७२,७४८.१० | - |
| २ | जनता बैङ्क नेपाल लिमिटेड | ५६,९४७,१००.४६ | - |
| ३ | कैलाश विकास बैङ्क लिमिटेड | ४२,६१०,८७३.९० | - |
| ४ | कुमारी बैङ्क लिमिटेड | ७१,०३१,६६६.०५ | - |
| ५ | लक्ष्मी बैङ्क लिमिटेड | ४२,७२३,०६९.७७ | - |
| ६ | माछापुच्छ्रे बैङ्क लिमिटेड | ४२,७०९,४५६.४६ | - |
| ७ | सानिमा बैङ्क लिमिटेड | २८,४२५,४७०.७५ | - |
| | **जम्मा** | ३६९,९२०,३८५.४९ | - |

## अनुसूचीहरु आर्थिक  वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### अनुसूची १०: व्यापारिक र अन्य दायित्व

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | फाईभ स्पाईस | - | ५८,९२७.७५ |
| २ | सी.एम.एस. प्रा. लि. | - | ७५,४१३.०४ |
| ३ | ग्रोथ लिडरशिप एकेडेमी प्रा. लि. | - | १६,७२५.०० |
| ४ | होटल प्याराडाईज | - | ४०,६००.०० |
| ५ | लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेड | २७,८७५.०० | २७,८७५.०० |
| ६ | मोरङ इनर्जी लिमिटेड | ३८३,८४२.२५ | - |
| ७ | पी. महासेठ एण्ड कम्पनी | २४६,६८१.४३ | - |
| ८ | प्रोफेशनल नेटवर्क फर इन्जिनियरिङ्ग सर्भिसेज प्रा. लि | १,०५१,१३६.६२ | - |
| ९ | पौडेल स्टेसनरी | - | १२,६८०.०० |
| १० | राधी बिद्युत कम्पनी लिमिटेड | २२६,४९०.०९ | २३६,९४१.१७ |
| ११ | सानिमा सेक्युरिटी वर्कर सर्भिस प्रा. लि. | - | २७,५९१.८१ |
| १२ | द ब्लुस्टार होटल प्रा. लि. | - | १९,०५२.०० |
| १३ | टि.एन. आचार्य एण्ड कम्पनी | - | ५६१,५८०.०० |
| १४ | रिटेन्शन मनी | १२,२८०,१३०.९२ | ५,१६६,१४५.३३ |
| १५ | डि.एन.साह एण्ड एशोसियट्स | - | २४६,६८१.०१ |
| १६ | फर्काउनु पर्ने रकम | २३८,२४२.३६ | ७३,५८१,४८७.९१ |
| १७ | बैठक भत्ता | - | २०,४००.०० |
| १८ | विविध पेस्की रकम | २,०५७,९०८.१६ | १,५३१,७९६.७१ |
| १९ | भुक्तानी गर्न बाँकी तलब | ५०१,००९.३७ | ४०८,१४५.९५ |
| २० | आपूर्तीकर्तालाई पेस्की | २३८,२७०.०० | २५७,९६७.५० |
| २१ | अन्य दायित्वहरु | ३०,९६९,६३६.१६ | - |
| | | | |
| २२ | **भुक्तानी गर्नुपर्ने कर कट्टी** | | |
| | लगानी प्रतीबद्धता कर | - | ११,०००,३०२.७० |
| | पूँजीगत लाभ कर | - | २,५२५,०००.०० |
| | व्यक्तिगत तथा संस्थागत कर | ५,९६५.६३ | १५४,७७५.५४ |
| | लेखापरीक्षण अग्रिम कर | - | ३,३१८.५८ |
| | पब्लीक कम्पनी अग्रिम कर | ३६७,०५७.७६ | ३८७,४५०.२४ |
| | घरभाडामा अग्रिम कर | ४१,८३९.३४ | १७,४७६.०४ |
| | सामाजिक सुरक्षा कर | ४३,३२२.२५ | २०,८०२.३६ |
| | पारिश्रमिक कर | ७९,५३५.०७ | १,००७.०० |
| | ज्यालामा भुक्तानी गनुपर्ने कर | ५७.५० | - |
| | भुक्तानी गर्नुपर्ने प्रा. लि. अग्रिम कर | १,९४५,७८२.७८ | ६५४,८१९.५४ |
| | **जम्मा** | **५०,७०४,७८२.६९** | **९७,०५४,९६२.१८** |

## अनुसूचीहरु आर्थिक वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### अनुसूची ११: अल्पकालीन बैङ्क ऋण

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | बैङ्क अफ काठमाडौं लिमिटेड (Bridge Gap Loan) | २८,१५०,०००.०० | - |
| | जम्मा | २८,१५०,०००.०० | - |

### अनुसूची १२: अन्य व्यवस्थाहरु

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | कर्मचारी बिदाबापतको व्यवस्था | २८०,८२७.६४ | - |
| २ | आयकरको व्यवस्था | ४,२०१,९६३.६३ | - |
| | जम्मा | ४,४८२,७९१.२७ | - |

### अनुसूची १३: अन्य आम्दानी

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | ब्याज आम्दानी | २६,०४८,१०६.०३ | - |
| २ | विविध आम्दानी | ५२०,४८२.२९ | - |
| | जम्मा | २६,५६८,५८८.३२ | - |

## अनुसूचीहरु आर्थिक  वित्तीय विवरणका अभिन्न अङ्ग हुन्

### अनुसूची १४: प्रशासनिक खर्च

रकम रु. मा

| क्र. स. | विवरण | यस वर्षको (२०७४/७५) | गत वर्षको (२०७३/७४) |
|---|---|---|---|
| १ | विज्ञापन तथा प्रचार प्रसार | ४५,२९९.८९ | ६९,०८९.८३ |
| २ | महँगी भत्ता | ३८३,५४५.०९ | ३३९,०३२.४८ |
| ३ | वार्षिक साधारण सभा | १,१३२,१३६.५० | - |
| ४ | लेखापरीक्षण शुल्क | २५०,०००.०० | २५०,०००.०० |
| ५ | लेखापरीक्षण खर्च | ५,३४५.०० | २१,३८०.०० |
| ६ | बैङ्क चार्ज | १०२,९६८.९४ | २२९,४८६.७९ |
| ७ | बैठक भत्ता | ३६,०००.०० | ३०,९००.०० |
| ८ | पुस्तक तथा पत्रपत्रीका | ३,४००.०० | १५,६१५.०० |
| ९ | सञ्चार भत्ता | ३२,२०४.७८ | १९,२८५.११ |
| १० | सञ्चार खर्च | ९८,४४७.०० | ११९,८९३.१३ |
| ११ | कम्पनी रजिस्ट्रार खर्च | ५९७,४००.०० | २१,८००.०० |
| १२ | दशैं भत्ता | २८,८६९.२८ | ३५,२३८.३१ |
| १३ | कुरीयर खर्च | ८३,२९६.१३ | ३,७००.०० |
| १४ | औषधी उपचार | ७४५.०० | - |
| १५ | इन्धन खर्च | १८६,३८०.१७ | १६४,९८१.३३ |
| १६ | आवास गृहमा आवश्यक सामाग्री | १९,११३.०१ | - |
| १७ | परिचय-पत्र तथा भिजिटिङ कार्ड | ६,९६१.०० | २,६१६.५० |
| १८ | इन्टरनेट खर्च | ८०,०२२.०० | ९०,४८०.३८ |
| १९ | ब्याज खर्च | २,१०९,२३९.६५ | २,५२४,२९७.५३ |
| २० | प्रारम्भिक सेयर निष्काशन खर्च | २,४४१,१६९.४३ | - |
| २१ | कानुनी सेवा शुल्क | २९,०६४.०० | ३३,५९०.०० |
| २२ | यातायात खर्च (स्थानीय) | ९१,८२७.७८ | ६६,८२८.३७ |
| २३ | अन्य बैठक भत्ता तथा खर्च | १४,४४५.२३ | ३७,४२१.९७ |
| २४ | बिमा शुल्क (अफिस उपकरण) | ५९,२३१.०१ | - |
| २५ | बिदाबापतको भुक्तानी | ५६,१६५.५३ | ७,३४०.०० |
| २६ | छपाई तथा डिजाईन | ७७,३९१.१० | १६१,३८०.५० |
| २७ | कर्मचारी सञ्चय कोष | ५१,६२५.२१ | - |
| २८ | नविकरण शुल्क | २७,०००.०० | - |
| २९ | भाडा | ६०७,२००.०० | ५३८,८८९.३० |
| ३० | मर्मत तथा संभार (Computer) | ३८,३३९.३० | ५३,०१०.३७ |
| ३१ | मर्मत तथा संभार (Software) | २३,८८७.१० | ६,६९५.०० |
| ३२ | तलब | ८२४,४०८.३६ | ७४२,०४७.७७ |
| ३३ | उपदान | ४२,३११.७५ | - |
| ३४ | बिमा शुल्क (कर्मचारी) | ३,४८४.९७ | - |
| ३५ | स्टेसनरी खर्च | ७९,५१३.०० | ४९,९५७.२० |
| ३६ | तालिम र विकासको खर्च | २३,०७५.६१ | १८,६६६.९० |
| ३७ | पानी र बिजुली खर्च | ४०,९२६.८० | ३९,९२९.०३ |
| | जम्मा | ९,७३२,४३९.६१ | ५,६९३,५५२.८० |

# इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण

## आर्थिक वर्ष २०७४/७५

रकम रु. मा

| विवरण | सेयर पूँजी | सेयर प्रिमियम | पूँजीगत जगेडा कोष | सञ्चित नाफा/(नोक्सान) | कूल रकम |
|---|---|---|---|---|---|
| सुरु मौज्दात | १,०५०,५१९,८००.०० | | | – | १,०५०,५१९,८००.०० |
| लेखा नीतिहरुमा भएको परिवर्तन | – | | | – | – |
| यस वर्षको सञ्चित नाफा/(नोक्सान) | – | | | १२,६०५,८९०.८८ | १२,६०५,८९०.८८ |
| थप सेयर | ८३,६६९,२००.०० | | | – | ८३,६६९,२००.०० |
| कुल मौज्दात रकम | १,१३४,१८९,०००.०० | | | १२,६०५,८९०.८८ | १,१४६,७९४,८९०.८८ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनअनुसार

**अनिल कुमार रूङ्गटा**
अध्यक्ष

**विनय कुमार भण्डारी**
प्रबन्ध सञ्चालक

**रमेश प्रसाद नेपाल**
सञ्चालक

**उत्तम भ्लोन लामा**
सञ्चालक

**पुष्पेन्द्र भट्टराई**
सञ्चालक

**देब बहादुर श्रेष्ठ**
लेखा अधिकृत


**पी. महासेठ**
पी. महासेठ एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

मिति : मंसिर ०७, २०७५
स्थान : काठमाडौँ



Hoisting of Desander Basin Outlet Gate





Re-strengthening of Bhorle Bailey Bridge for Transportation of Electro Mechanical Equipment

# अनुसूची १५:प्रमुख लेखा नीति तथा टिप्पणीहरू

(क) **कम्पनीसम्बन्धी सामान्य जानकारी**

यूनिभर्सल पावर कम्पनी लिमिटेड जलविद्युत् आयोजनाहरूको विकास गर्ने उद्देश्यले स्थापित भई कम्पनी रजिस्ट्रार कार्यालयमा (दर्ता नं. १२८९/०६७/०६८) पब्लिक कम्पनी लिमिटेडको रुपमा दर्ता गरिएको हो । मिति मंसिर १७, २०५९ सालमा कम्पनी ऐन २०५३ अनुसार प्राईभेट लिमिटेडको रूपमा स्थापना भएको यो कम्पनी मिति चैत्र १६, २०६७ सालमा पब्लिक लिमिटेडमा परिणत भएको हो ।

यस कम्पनीले प्रदेश नं. ३ स्थित दोलखा जिल्लाको गौरीशङ्कर गाउँपालिका (वडा नं. ५, ६ र ८) मा ११ मे.वा. क्षमताको तल्लो खारे खोला जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।

(ख) **सञ्चालक समितिबाट वित्तीय विवरणको स्वीकृति**

यस कम्पनीको यस सँगै संलग्न गरिएको वित्तीय विवरण मिति मंसिर ७, २०७५ (November 23, 2018) मा बसेको संचालक समितिको बैंठकबाट स्वीकृत गरिएको छ।

(ग) **प्रमुख लेखा नीतिहरू**

१. **वित्तीय विवरण तयार गर्दाका आधार र मापनहरू**

१.१ **अनुपालनको विवरण**

कम्पनीको वित्तीय विवरणहरुमा लेखाको सर्वमान्य सिद्धान्त (GAAP) तथा नेपाल लेखामान (NAS) का सिद्धान्तहरू पालना गरिएको छ । लेखाको सर्वमान्य सिद्धान्त प्रोदभावी आधारमा (Accrual Basis) लेखाङ्कन गरिएको छ।

कम्पनीले आर्थिक वर्ष २०७५/७६ को लागि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार वित्तीय विवरण तयार पार्ने प्रकृया सुरू गरेको छ।

१.२ **तयार गर्दाका आधारहरू**

कम्पनीको व्यवसाय निरन्तर रूपमा चलिरहने सिद्धान्तअनुसार लेखाङ्कन गरिएको तथा वित्तीय विवरणहरू तयार गरिएको छ । कम्पनीको सामान्य सञ्चालन सिद्धान्तअनुसार तथा वस्तुको प्रकृतिअनुसार तिनीहरुको वास्तविक नगद, नगद सरह वा सञ्चालन प्रकृयाको आधारमा सम्पूर्ण सम्पत्ति र दायित्वहरूलाई चालु र गैह्र चालु समूहमा वर्गीकरण गरिएको छ । वित्तीय विवरणहरु कार्यात्मक र तुलनात्मक रुपमा तयार गरी नेपाली मुद्रामा प्रस्तुत गरिएको छ।

१.३ **अनुमानको प्रयोग**

लेखाको सर्वमान्य सिद्धान्त (GAAP) तथा नेपाल लेखामान (NAS) बमोजिम व्यवस्थापनले वित्तीय विवरण तयार पार्दा लेखाजन्य सम्पत्ति, दायित्व, वर्ष भरिको आम्दानी/खर्च अनुमान र मापन गर्नुपर्ने तथा लेखा नीतिहरू लागु गर्ने क्रममा व्यवस्थापन पक्षले आफ्नो विवेक र अनुमानहरु प्रयोग गर्नुपर्ने हुनाले ऐतिहासिक अनुभव र अन्य कारक तत्वहरुलाई आधार मानी तयार पारिएको छ। यसरी गरिएको अनुमान वास्तविकसँग फरक पर्न सक्छ तर सारभूत रुपमा सो फरक महत्वपूर्ण हुने देखिँदैन।

२. **सम्पत्ति**

२.१ **पूँजीगत कार्य प्रगति**

आयोजना निर्माणको समयका सम्पत्तिहरुलाई पूँजीगत कार्य प्रगतिमा अभिलेख गरिएको छ। निर्माण कार्य सम्पन्न भए पश्चात पूँजीगत कार्य प्रगतिलाई सम्बन्धित सम्पत्तिका शीर्षकहरूमा रुपान्तरण गरी नियमअनसुार ह्रासकट्टी गरिने छ।

२.२ **कार्यालय उपकरण**

प्रशासनिक कार्यमा प्रयोग गरिएका सम्पत्तिहरुलाई नियमअनसुार ह्रासकट्टी गरी कार्यालय उपकरणमा अभिलेख गरिएको छ भने ह्रास खर्चलाई आय विवरणमा समावेश गरिएको छ। यस वित्तीय विवरणमा देखाइएको जग्गाको मूल्य ऐतिहासिक लागत र जग्गा प्राप्ती गर्दाको लागत सहित हो।

३. **स्थिर सम्पत्तिमा ह्रास खर्च**

यस वर्षको खरिद सम्पत्तिमा पौष मसान्त सम्मको खरिदमा ह्रास दरको शत प्रतिशत, माघदेखि चैत्र मसान्तसम्मको खरिदमा ह्रास दरको २/३ (दुई तिहाई) र वैशाखदेखि अषाढ मसान्तसम्मको खरिदमा ह्रास दरको १/३ (एक तिहाई) ह्रास कट्टी गरिएको छ। कर प्रयोजनका लागि कम्पनीले कार्यालय उपकरणमा २५% का दरले ह्रास कट्टी गरी आय विवरणमा ह्रास कट्टी खर्च जनाएको छ।

४. **ऋण प्राप्ती खर्च**

आयोजनाले व्यवसायिक उत्पादन गर्नु अघिको ऋणसँग सम्बन्धित ब्याज तथा वित्तीय खर्चहरु पूँजीकृत गरिएको छ।

५. **रोजगारी व्यवस्था**

५.१ **कर्मचारी सञ्चय कोष**

कर्मचारी सञ्चय कोषबापतको रकम श्रम ऐन २०७४ बमोजिम निर्धारित प्रतिशत मासिक रूपमा कट्टा गरी आयोजनासँग सम्बन्धित कर्मचारीहरुको कर्मचारी सञ्चयकोष खर्चलाई पूँजीगत कार्य प्रगतिमा र प्रशासनसँग सम्बन्धित कर्मचारीहरूको खर्चलाई आय विवरणमा देखाइएको छ। सो खर्च तथा कर्मचारीहरुबाट सोही शीर्षकमा भएको योगदान मासिक रुपमा कर्मचारीहरुको व्यक्तिगत कर्मचारी सञ्चय कोष खातामा जम्मा गरिएको छ।

५.२ **उपदान कोष**

श्रम ऐन २०७४ मा भएको व्यवस्था बमोजिम कर्मचारीहरुको अवकास सुविधा अर्न्तगत सिर्जना भएको दायित्वलाई आयोजनासँग सम्बन्धित कर्मचारीहरुको अवकास सुविधा खर्चलाई पूँजीगत कार्य प्रगतिमा र प्रशासनसँग सम्बन्धित कर्मचारीहरुको खर्चलाई आय विवरणमा देखाईएको छ । अवकास सुविधालाई खर्चमा अभिलेख राखी मासिक रुपमा नागरिक लगानी कोष (व्यक्तिगत कर्मचारी बचत वृद्धि अवकास कोष) मा जम्मा गरिएको छ।

५.३ **कर्मचारी बिदाबापतको भुक्तानी**

कर्मचारीहरुको जगेडा बिदाबापतको भुक्तानी रकम प्रोदभावी आधारमा (Accrual Basis) लेखाङ्कन गरिएको छ ।

६. **चालु करको व्यवस्था**

प्रचलित व्यवसाय कर जलविद्युत् समूहको लागि २०% हो तर यस कम्पनीको जलविद्युत् आयोजनाहरु निर्माणाधीन अवस्थामा भएकाले व्यवसाय करको व्यवस्था गरिएको छैन। तर यस आर्थिक वर्षमा अन्य आम्दानी बाट खर्च कटाई आएको आम्दानीमा २५% करको व्यवस्था गरिएको छ।

७. **लिज होल्ड सम्पत्ति**

कम्पनीले आयोजना निर्माण कार्यको लागि आवश्यक पर्ने सम्पत्तिहरु नियमअनुसार सम्झौता गरी लिज होल्ड सम्पत्तिको रुपमा प्रयोग गर्दै आएको छ। यसरी प्रयोग भएका सम्पत्तिहरुमा खर्च भएको रकमलाई पूँजीगत कार्य प्रगतिमा समावेश गरिएको छ।

८. **कर्मचारी बोनसको व्यवस्था**

कम्पनीले विद्युत विक्रीगरी आम्दानी गरेपछी कर्मचारी बोनसको व्यवस्था गरिने छ।

९. **संस्थागत सामाजिक उत्तरदायित्व**

यस वर्ष कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वबापत रु. ६७०,९२२.२१ (छ लाख सतरी हजार नौ सय बाइस रुपैयाँ एक्काईस पैसा मात्र) खर्च गरेको छ र हाल सम्म सो शीर्षकमा रु. १०,८८३,८८५.५५ (एक करोड आठ लाख त्रियासी हजार आठ सय पचासी रुपैयाँ पचपन्न पैसा मात्र) खर्च गरिसकिएको छ।

**१०. अन्य नीतिहरू**

१०.१ कम्पनीमा कम्प्युटर प्रणालीबाट लेखाङ्कन गर्ने गरिएको छ।

१०.२ कम्पनीमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको कर योग्य आयमा आयकर ऐनअनुसार कर कट्टी गरिएको छ।

## (घ) लेखासम्बन्धी टिप्पणीहरु

**१. सेयर पूँजी**

कम्पनीको पूँजी संरचना निम्नानुसार छ।

| क्र.स. | विवरण | सेयर कित्ता(सङ्ख्या) | अङ्कित मूल्य रु. | जम्मा मूल्य रु. |
|---|---|---|---|---|
| १ | अधिकृत पूँजी | २२,०००,००० | १००.०० | २,२००,०००,०००.०० |
| २ | जारी पूँजी | २१,००३,५०० | १००.०० | २,१००,३५०,०००.०० |
| ३ | चुक्ता पूँजी | ११,३४१,८९० | १००.०० | १,१३४,१८९,०००.०० |

**२. चुक्ता पूँजी**

यस आर्थिक वर्षमा साधारण शेयर ८३६,६९२ (आठ लाख छत्तिस हजार छ सय बयानब्बे मात्र) कित्ता, प्रति कित्ता शेयर रु. १००.०० (एक सय मात्र) का दरले रु. ८३,६६९,२००.०० (आठ करोड छत्तिस लाख उनन्सत्तरी हजार दुई सय मात्र) ले वृद्धि भई हाल कम्पनीको साधारण शेयर ११,३४१,८९०.०० (एक करोड तेह्र लाख एकचालिस हजार आठ सय नब्बे मात्र) कित्ता, प्रति कित्ता शेयर रु. १००.०० (एक सय मात्र) का दरले रु. १,१३४,१८९,०००.०० (एक अर्ब तेह्र करोड एकचालिस लाख उनान्नब्बे हजार मात्र) रहेको छ।

**३. जगेडा कोष र सञ्चित नाफा**

यस आर्थिक वर्षमा कम्पनीसँग रु. १२,६०५,८९०.८८ (एक करोड छब्बीस लाख पाँच हजार आठ सय नब्बे रुपैयाँ अठासी पैसा मात्र) जगेडा कोष र सञ्चित नाफाको रुपमा रहेको छ।

**४. लगानी विवरण**

यस आर्थिक वर्ष सम्ममा कम्पनीको बैंक मुद्दती निक्षेप र शेयरमा रहेको लगानी विवरण निम्नानुसार छ।

| क्र.स. | विवरण | रकम रु. |
|---|---|---|
| १ | मुक्तिनाथ विकाश बैङ्क लिमिटेड (मुद्दती खाता) | २२,४००,०००.०० |
| २ | बैङ्क अफ काठमाडौं लिमिटेड (मुद्दती खाता) | १५०,०००,०००.०० |
| ३ | देव: विकास बैङ्क लिमिटेड (मुद्दती खाता) | २५,०००,०००.०० |
| ४ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड को शेयरमा लगानी (१४,४२,१८७ कित्ता शेयर, प्रति शेयर रु १००.०० का दरले) | १४४,२१८,७००.०० |
| | जम्मा | ३४१,६१८,७००.०० |

**५. नगद र बैङ्क मौज्दात**

यस आर्थिक वर्षको अन्त्यमा नगद मौज्दात रु ५,१६९.२६ (पाँच हजार एक सय उनन्सत्तरी रुपैयाँ छब्बीस पैसा मात्र) सानो नगदी कोषको रुपमा र विभिन्न बैङ्कमा निक्षेप रु. १०,५३९,३२८.६१ (एक करोड पाँच लाख उनन्चालीस हजार तीन सय अट्ठाइस रुपैयाँ एकसट्ठी पैसा मात्र) रहेको छ।

**६. अग्रिम भुक्तानी, पेस्की, सापटी तथा धरौटी**

कम्पनीले आयोजनाको कार्य गर्नको लागि विभिन्न व्यक्ति तथा संस्थाहरुसँग भएको सम्झौताबमोजिम अग्रिम भुक्तानी गरिएको रकम रु. २२२,८०८,५८४.९२ (बाइस करोड अट्ठाईस लाख आठ हजार पाँच सय चौरासी रुपैंयाँ बयानब्बे पैसा मात्र) रहेको छ।

**७. चालु दायित्व र व्यवस्थाहरु**

यस आर्थिक वर्षमा कम्पनीको चालु दायित्वको रुपमा विभिन्न व्यक्ति तथा सस्थांहरुलाई तिर्नुपर्ने रकम रु. ८३,३३७,५७३.९६ (आठ करोड तेत्तीस लाख सैंतीस हजार पाँच सय त्रीहत्तर रुपैयाँ छयानब्बे पैसा मात्र) रहेको छ।

**८. बैंकबाट प्राप्त ब्याज आम्दानी**

कम्पनीले यस आर्थिक वर्षमा विभिन्न बैंकमा मुद्दती र अन्य खातामा रहेको निक्षेपबाट रु. २६,०४८,१०६.०३ (दुई करोड साठी लाख अठचालिस हजार एक सय छ रुपैयाँ तीन पैसा मात्र) ब्याज प्राप्त भएको छ।

**९. सम्बन्धित पक्षहरुसँग कारोवार**

कम्पनीको यस आर्थिक वर्षमा सम्वन्धित पक्षहरुसँग भएको कारोवार विवरण।

| क्र.स. | सम्वन्धित पक्षहरुको नाम | कारोबारको प्रकार | रकम रु. |
|---|---|---|---|
| १ | सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | व्यवस्थापन शुल्क | ५,४२४,००० |
| | | ब्याज भुक्तानी | २,१०९,२३९.६५ |
| | | अन्य परामर्श सेवा शुल्क | २,४८१,३७४.७६ |
| | | ऋण व्यवस्थापन शुल्क | ५,६५०,०००.०० |
| | | आयोजना पहिचान शुल्क | २,८२५,०००.०० |
| २ | राधी विद्युत कम्पनी लिमिटेड | कर्मचारी व्यवस्थापन शुल्क | ३३७,३७९.०६ |

**१०. सञ्चालक समितिको सेवा सुविधा**

कम्पनीले यस आर्थिक वर्षमा सचालक समिति बैठक भत्ताबापत रु. ३६,०००.०० (छत्तिस हजार मात्र) भुक्तानी गरेको छ। यसको अतिरिक्त अन्य कुनै पनि सेवा सुविधा उपलब्ध गराएको छैन।

**११. अग्रिम आयकरमा समायोजन**

अघिल्लो आर्थिक वर्षको वित्तीय विवरणमा अग्रिम आयकरबापत दावी गरिएको रकम रु. ८,०२२,११९.६० (असी लाख बाइस हजार एक सय उन्नाइस रुपैयाँ साठी पैसा मात्र) लाई यस आर्थिक वर्षमा पूँजीगत कार्य प्रगतिमा समायोजन गरिएको छ।

**१२. प्रशासनिक खर्च**

गत वर्ष सम्पूर्ण प्रशासनिक खर्चहरु पूँजीगत कार्य प्रगतिमा समावेश गरिएकोमा यस वर्ष प्रशासनिक खर्चमा देखाइएको छ। साथै तुलनात्मक अध्ययन हेतु मात्र गत वर्षको प्रशासनिक खर्च उक्त अनुसूचीमा देखाइएको छ।

**१३. अन्य**

१३.१ यस वर्षको अंकहरुसँग तुलनात्मक अध्ययन गर्न गत वर्षका अंकहरु आवश्यकताअनुसार पुन: वर्गीकरण गरिएका छन्।

१३.२ कम्पनीले प्रचलित ऐन नियमहरुको पूर्णरुपमा पालना गरेको छ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनअनुसार

| | | | |
|---|---|---|---|
| **अनिल कुमार रुङ्टा**<br>अध्यक्ष | **विनय कुमार भण्डारी**<br>प्रबन्ध सञ्चालक | **रमेश प्रसाद नेपाल**<br>सञ्चालक | **उत्तम ब्लोन लामा**<br>सञ्चालक |
| **पुष्पेन्द्र भट्टराई**<br>सञ्चालक | **देब बहादुर श्रेष्ठ**<br>लेखा अधिकृत | **पी. महासेठ**<br>पी. महासेठ एण्ड कम्पनी<br>चार्टर्ड एकाउन्टेन्टस् | मिति : मंसिर ०७, २०७५<br>स्थान : काठमाडौं |


HYUNDAI



Overview of Intake and Dam


Forebay & Desander Basin


Crusher Plant


EOT Crane at Power House



Welding of Penstock Pipe



Installation of Inlet Gate & Hoisting System



Gabion Protection Works for Penstock Pipe



Installation of Electro Mechanical Equipment



Concreting of Transmission Line Tower Foundation



Survey of Transmission Line



Anchor Block and Penstock Pipe



Protection of Penstock Pipe by Gabion Wall & Back Filling



Generator Inspection Team



# यूनिभर्सल पावर कम्पनी लिमिटेड

## Universal Power Company Limited


Bluestar Complex, Tripureshwor, Kathmandu, Nepal

+977 1-4251463, 4101097

info@upcl.com.np

www.universalpowercompany.com.np

www.facebook.com/lowerkhare